# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेनाटोले, ओखलढुङ्गा

पत्र संख्याः २०७७/०७८ प्रदेश नं. १, नेपाल

## चिशंखुगढी गाउँपालिकाको जनहितमा जारी अत्यन्त जरुरी सूचना

*(प्रकाशित मिति : २०७८/०१/३१)*

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (New Corona Virus Variant) को प्रकोप नेपालमा तीव्र गतिमा फैलिएको कारण मानवीय स्वास्थ्यमा नयाँ प्रतिकूल चुनौती थपिई भयावह अवस्थाको सिर्जना हुन पुगेको विद्यमान परिस्थितिमा यस प्रकारको भाइरसको सम्भावित जोखिम, असर तथा प्रभावलाई मध्यनजर गर्दै उक्त सम्भावित जोखिमलाई न्यूनीकरण तथा रोकथाम गर्न चिशंखुगढी गाउँपालिकाको उपाध्यक्ष, वडा अध्यक्षहरु, गाउँ कार्यपालिका कार्यालय अन्तर्गतका विषयगत शाखाका शाखा प्रमुखहरु, गाउँपालिका अन्तर्गत सेवा क्षेत्र भएका सुरक्षा निकायका प्रमुख लगायत सरोकारवालाहरुको उपस्थितिमा आकस्मिक रुपमा बसेको बैठकको निर्णयानुसार मिति २०७८/०२/०९ सम्मका लागि लागू हुने गरी अनिवार्य रुपमा देहाय बमोजिम गर्न गराउन हुन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१) गम्भीर प्रकृतिका बिरामी बोक्ने सवारी साधन बाहेक अन्य सबै प्रकारका सवारी आवागमनमा पूर्ण रुपमा रोक लगाउने,

२) चिशंखुगढी गाउँपालिका भित्र संचालनमा रहेका किराना पसल, होटल व्यवसाय तथा अन्य सबै प्रकारका व्यवसायहरु जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण रुपमा पालना गरी गराई प्रत्येक दिन बिहान ०७:०० बजे देखि १०:०० बजेको समयावधिमा मात्र खोली संचालन गर्ने,

३) वैवाहिक कार्य लगायत भीडभाड हुने प्रकृतिका धार्मिक, सामाजिक-सांस्कृतिक पक्षसँग सम्बन्धित कार्यहरु गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रहि गर्ने गराउने एवं सबै प्रकारका भोज भतेर, उत्सव, सभा सम्मेलन तथा खेलकुदजन्य गतिविधि पूर्ण रुपमा बन्द गर्ने। साथै विद्यमान प्रतिकूल परिस्थितिमा अवाञ्छित क्रियाकलाप गरी कोरोना भाईरस (कोभिड-१९) फैलाउनको निमित्त मतियार भएको पाईएमा त्यसको सम्पूर्ण जिम्मेवारी स्वयम् व्यक्ति एवं आयोजक आफैं हुनु पर्ने।

४) गाउँपालिका क्षेत्र भित्र हुने अनावश्यक घुमफिर, जमघट, आन्तरिक तथा वाह्य चहलपहललाई सुरक्षाकर्मीहरुको समन्वयमा पूर्ण रुपमा निरुत्साहित गर्ने,

५) कोरोना भाईरस (कोभिड-१९) को प्रभाव रोकथाम, न्यूनीकरण एवं नियन्त्रणका लागि समुदायस्तरमा सो को प्रभावको अवस्था पत्ता लगाई आम नागरिकहरुलाई सचेत गराई मानवीय चहलपहल नियन्त्रण गर्न वडाको समन्वयमा शिक्षक, कर्मचारी र महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई संलग्न गराई प्रत्येक वडामा कम्तीमा ३ (तिन) र बढीमा ५ (पाँच) सदस्यीय टोल स्तरीय कोभिड प्रतिकार्य समिति गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने गराउने,

६) चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयले मिति २०७८/०१/३१ सम्मको लागि स्थगन गरेको अति आवश्यक बाहेकका सेवाहरु पुन: मिति २०७८/०२/०९ सम्मका लागि स्थगन गर्ने,

७) गाउँ कार्यपालिका कार्यालय अन्तर्गतका वडा कार्यालयहरु, बैंक लगायतका वित्तीय संघ-संस्था तथा अन्य सेवा प्रदायक निकायहरुले पनि जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण रुपमा पालना गरी गराई सीमित समयावधि तोकि अति आवश्यक सेवाहरु मात्र प्रवाह गर्ने व्यवस्था मिलाउने।

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

निशान्त शर्मा
अध्यक्ष

*पुनश्च:- गाउँपालिकाबाट जारी सूचनाको बेवास्ता गरी कोरोना भाईरस विरुद्धको यस अभियानमा असहयोग गरिएको पाईएमा प्रचलित कानून आकर्षित हुने व्यहोरा अनुरोध छ।*



ito.chishankhugadhimun@gmail.com chishankhugadhi@gmail.com www.chishankhugadhimun.gov.np